## परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या

२.९ यस जनगणनाको अन्तिम नतिजाअनुसार देशका १५ लाख ५५ हजार ९६१ (२३.४%) परिवारहरूबाट २१ लाख ९० हजार ५९२ जना परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेको देखिन्छ, जसमध्ये पुरूष १७,९९,६७५ (८२.२ प्रतिशत) र महिला ३,९०,९१७ (१७.८ प्रतिशत) रहेका छन् । २०६८ को जनगणनामा देशका १३ लाख ७८ हजार ६७८ (२५.४%) परिवारहरूबाट १९ लाख २१ हजार ४९४ जना परिवारमा अनुपस्थित रही विदेश गएका देखिन्छन्, जसमध्ये पुरूष १६,८४,०२९ (८७.६ प्रतिशत) र महिला २,३७,४०० (१२.४ प्रतिशत) रहेका थिए ।


**तालिका ६: परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोवास गर्ने संख्या)**

| क्षेत्र | २०६८ | | | | २०७८ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा जनसंख्या | पुरुष | महिला | नखुलेको | परिवार संख्या* | जम्मा जनसंख्या | प्रतिशत | पुरुष | महिला |
| **नेपाल** | १९२१४९४ | १६८४०२९ | २३७४०० | | १५५५९६१ | २१९०५९२ | १०० | १७९९६७५ | ३९०९१७ |
| नगरपालिका | ११८०१२८ | १०२५४६८ | १५४६५० | ५० | १०४४५६६ | १४६८५१७ | ६७.०४ | ११८६९८० | २८१५३७ |
| गाउँपालिका | ७४१३६६ | ६५८५६१ | ८२७१० | १५ | ५११३९५ | ७२२०७५ | ३२.९६ | ६१२६९५ | १०९३८० |
| **भौगोलिक क्षेत्र** | | | | | | | | | |
| हिमाल | १०५४२३ | ८२३२२ | २३१०१ | ० | ६६९८१ | ११६०६० | ५.३० | ८१८११ | ३४२४९ |
| पहाड | ९९११६७ | ८६०५५५ | १३०६०४ | ८ | ६९१९७९ | ९९०७२३ | ४५.२३ | ७८७७२२ | २०३००१ |
| तराई | ८२४९०४ | ७४११५२ | ८३६९५ | ५७ | ७९७००१ | १०८३८०९ | ४९.४८ | ९३०१४२ | १५३६६७ |
| **प्रदेश** | | | | | | | | | |
| कोशी प्रदेश | ३५७६४७ | ३१७६५० | ३९९९० | ७ | २६९८९२ | ३४३०३४ | १५.६६ | २८६६३१ | ५६४०३ |
| मधेश प्रदेश | २२४४७९ | २१८२६२ | ६१७८ | ३९ | २५२०१५ | ३०४२८६ | १३.८९ | २९२४२७ | ११८५९ |
| बागमती प्रदेश | ३१२२०० | २४८१०९ | ६४०८९ | २ | २८३२२८ | ३९७९३० | १८.१७ | २८०१२० | ११७८१० |
| गण्डकी प्रदेश | ३२२७६२ | २८९२९९ | ३३४५९ | ४ | २०७९१० | २८६५९३ | १३.०८ | २३९७८८ | ४६८०५ |
| लुम्बिनी प्रदेश | ४१०७५१ | ३६७१५७ | ४३५९० | ४ | ३०८०७३ | ४२०९०६ | १९.२१ | ३६७६७० | ५३२३६ |
| कर्णाली प्रदेश | ६७५८२ | ५८७४१ | ८८४० | १ | ६२७२८ | ९४३२० | ४.३१ | ७७२७८ | १७०४२ |
| सुदुरपश्चिम प्रदेश | २२६०७३ | १८४८११ | ४१२५४ | ८ | १७२११५ | ३४३५२३ | १५.६८ | २५५७६१ | ८७७६२ |

*कम्तिमा एक जना विदेशमा बसोबास गर्ने परिवार

२.१० परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) कुल संख्यामा नगरपालिका क्षेत्रबाट विदेश जानेहरू ६७.०४ प्रतिशत छन् भने गाउँपालिका क्षेत्रबाट जानेहरूको अंश ३२.९६ प्रतिशत रहेको छ।

**रेखाचित्र ५: प्रदेश अनुसार परिवारमा अनुपस्थित जनसंख्या (विदेशमा अक्सर बसोबास गर्ने)**




२.११ प्रदेशगत आधारमा हेर्दा परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जम्मा व्यक्तिहरू मध्ये सबैभन्दा धेरै लुम्बिनी प्रदेशबाट १९.२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशबाट ४.३ प्रतिशत रहेका छन्। प्रदेशगत रूपमा विदेश गएका कुल संख्यामध्ये महिलाहरूको संख्या बागमती प्रदेशबाट २९.६ प्रतिशत र मधेश प्रदेशबाट ३.९ प्रतिशत रहेको छ।

२.१२ जिल्लागत आधारमा हेर्दा ७७ वटै जिल्लाबाट व्यक्तिहरू परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) देखिएका छन्। परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) सबैभन्दा बढी भएका ५ जिल्लाहरूमा काठमाडौं, कैलाली, झापा, रूपन्देही र मोरङ छन् ती प्रत्येक जिल्लाहरूबाट कम्तिमा ७० हजारभन्दा बढी व्यक्ति विदेश अनुपस्थित देखिएको छ। यसैगरी परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) सबैभन्दा कम भएका ५ जिल्लाहरूमा मनाङ, डोल्पा, हुम्ला, मुगु र मुस्ताङ रहेका छन्। यसको विस्तृत विवरण अनुसूची १ मा दिईएको छ।

## मुख्य प्रयोग अनुसार घरको संख्या

२.१३ राष्ट्रिय जनगणना २०७८ मा मुख्य प्रयोग अनुसार देशभरका सम्पुर्ण घरहरूको विवरण संकलन गरिएको छ। घरको धेरैजसो भाग के कामका लागि प्रयोग भएको थियो सोको आधारमा मुख्य प्रयोगलाई विभिन्न १२ (बाह्र) प्रकारमा वर्गीकरण गरिएको छ। जनगणनाको नतिजा अनुसार देशभर जम्मा ७५,५२,०६६ वटा घर संरचना रहेको छ, जसमध्ये मुख्यरूपमा आवासको लागि प्रयोग भएका घर ७१.७ प्रतिशत, गोठ/धन्सार/मतान १०.१ प्रतिशत, खाली घर ६.३ प्रतिशत, अन्य (जस्तै: भान्सा घर) ५.९ प्रतिशत, व्यापार ३.1 प्रतिशत, शैक्षिक १.१ प्रतिशत, उद्योग/कलकारखाना र संस्थागत तथा सरकारी ०.४/०.४ प्रतिशत, होटल तथा लज ०.३ प्रतिशत, स्वास्थ्यजन्य ०.२ प्रतिशत र बैंक तथा वित्तीय संस्था ०.१ प्रतिशत रहेका छन्। प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी लुम्बिनी प्रदेशका ७५.० प्रतिशत र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशका ६८.० प्रतिशत घरहरू मुख्य रूपमा आवासको लागि प्रयोग भएका छन्। विस्तृत विवरण तालिका नं. ७ मा दिइएको छ।